## गृह पृष्ठ

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिज (FES) बेलायतमा कानूनी रूपमा दर्ता भएको च्यारिटी हो (नं १११४७२८) जसको उद्देश्य वातावरण संरक्षण र संवर्द्धन् गर्नु हो । जीवजन्तुको लोप हुने क्रम रोक्न र यसका कारणहरू रोकथाम गर्न FES लागिपरेको छ ।

Earth Charter International लाई समर्थन गरेपछि सन् २००५ मा एम्सटर्डयाम मा सम्पन्न ECI+5 सभामा प्रतिनिधित्व गर्ने तीन ब्रिटिशमध्येका एक थिए - एण्डि मिडलटन। यो च्यारिटीले मुख्यतया "पर्यावरणीय पूर्णता" लाई ध्यान दिएको छ । एण्डि मिडलटन संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (यूनेस्को) को UK Commission सँग सम्बन्धित ASPnet समूहका उपाध्यक्ष तथा वातावरण सल्लाहकार हुन् ।

FES शिक्षा नीतिले अनौपचारिक शैक्षिक पद्दतिबाट चेतना फैलाउने काम गर्छ । जस्तैः पत्रपत्रिकामा प्रकाशित गर्ने, वन्यजन्तुसम्बन्धी कार्यक्रम रेडियोमा प्रशारण गर्ने, फोटो प्रदर्शनी गर्ने, संयुक्त राष्ट्रसंघ, यूरोपेली र ब्रिटिश संसदमा हुने सेमिनारमा भाग लिने आदि। FES ले All Party Parliamentary Climate Change Group, the Partnership for Action Against Wildlife Crime र Sustainable Development Commission का साथै अरु संगठनहरुसँग पनि मिलेर काम गर्छ ।

FES का परियोजना क्षेत्रहरु बेलायत लगायत विश्वभरि नै रहेका छन् । ती जानकारी यो वेबसाइटमा हेर्न सकिन्छ ।

## सहयोग

लोपोन्मुख जीवजन्तुलाई सुरक्षा र संरक्षण प्रदान गर्न चन्दा संकलनको लागि हामीले PayPal जस्तो सजिलो र भरपर्दो माध्यम अपनाएका छौं। हाम्रो उद्देश्यको लागि तपाईंको सहयोग आवश्यक छ। त्यसैले, तलको "सहयोग" चिन्हमा क्लिक गरेपछि खुल्ने फर्म भरिदिनुहुन FES तपाईंलाई अनुरोध गर्दछ ।

हामी चेक पनि ग्रहण गर्छौं । यसको लागि "सम्पर्क" लिंक मा हेर्नुहोस् ।

तपाईं हामीलाई इमेलबाट पनि सम्पर्क गरी सुझाव र सल्लाह दिन चाहनुहुन्छ भने “सम्पर्क” मा जानुहोस् ।
सहयोग गरौं

सम्पर्कः info@ffes.org.uk